श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३६ सालको ऐन नं. १५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

जनमत संग्रहसम्बन्धी अपराधको नियन्त्रण गर्न बनेको ऐन

प्रस्तावना : सर्वसाधारण जनताको सदाचार र नैतिकता तथा शान्ति र व्यवस्था कायम राख्न जनमत संग्रहसम्बन्धी अपराधको नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "जनमत संग्रह (अपराध तथा सजाय) ऐन, २०३६" रहेको छ ।

(२) यस ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "जनमत संग्रह" भन्नाले श्री ५ महाराजाधिराजबाट २०३६ साल जेष्ठ १० गते बक्सेको शाही घोषणाबमोजिम बालिग मताधिकारको आधारमा लिइने राष्ट्रिय जनमत संग्रह सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "आयोग" भन्नाले श्री ५ महाराजाधिराजबाट गठन गरिबक्सेको राष्ट्रिय चुनाव आयोग सम्झनुपर्छ ।

(ग) "मतदान" भन्नाले जनमत संग्रह हुँदा मत दिने कार्य सम्झनुपर्छ ।

(घ) "मतदानको अधिकार" भन्नाले कुनै व्यक्तिले जनमत संग्रहमा मत दिने वा नदिने अधिकार सम्झनुपर्छ ।

३. जनमत संग्रहमा प्रचार गर्ने छुट : जनमत संग्रहमा गरिने मूलभूत प्रश्नहरूको पक्ष वा विपक्षमा आफूलाई लागेको कुराको संयमपूर्वक प्रचार गर्ने नेपाली नागरिकलाई देहाय-बमोजिमको छुट हुनेछः–

(क) आफ्नो मत वा कुरा अभिव्यक्त गर्न गराउन,

(ख) आमसभा वा बैठक गर्न, र

(ग) लेख, टीकाटिप्पणी, आलोचना, समालोचना लेख्न वा प्रचार गर्न ।

तर–

(१) राजनैतिक दल वा दलगत राजनैतिक उद्देश्यले प्रेरित भएको संगठन. संघ वा संस्था खोल्न, खोलाउन वा चलाउन पाइने छैन ।

(२) कुनै राजनैतिक दल वा संस्थाको नामबाट प्रचार प्रसार गर्न वा वक्तव्य दिन पाइने छैन ।

(३) प्रचारको सिलसिलामा कसैलाई गाली बेइज्जती गर्न वा लुटमार गर्न पाइने छैन ।

४. प्रचलित कानून बर्खिलाप काम कुरा गर्नमा बन्देज: दफा ३ मा लेखिएको कुनै कुराले पनि कुनै पनि व्यक्तिलाई देहायको कुनै कुराको कुनै किसिमले प्रचार गर्न गराउन वा देहायको कुनै काम कुरा गर्न गराउन छुट दिएको मानिने छैनः–

(क) श्री ५ महाराजाधिराज, राजगद्दी उत्तराधिकारी तथा राजपरिवारका अन्य सदस्यप्रति घृणा, द्वेष, अवहेलना, भ्रम वा लाञ्छना उत्पन्न हुने कुरा,

(ख) देशको सार्वभौमसत्ता, प्रादेशिक अखण्डता र राष्ट्रिय एकतामा आँच आउने कुरा,

(ग) देशको सुरक्षा र शान्ति व्यवस्था खलल हुने कुरा,

(घ) विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताका बीचको सुसम्बन्धमा प्रतिकूल असर पर्ने कुरा,

(ङ) यस ऐनले छुट दिएको जतिमा बाहेक कसैले पनि प्रचलित नेपाल कानूनले प्रतिबन्ध लगाएको वा प्रचलित नेपाल कानून अन्तर्गत अपराध ठहर्ने कुनै काम ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. जनमत संग्रहमा अनुचित प्रभाव पार्न नहुने: (१) कसैले कसैलाई जनमत संग्रहको सिलसिलामा कुनै किसिमको क्षति पुऱ्याउने वा सामाजिक बहिस्कार गर्ने धम्की दिन वा कुनै किसिमको दैवी प्रकोप वा अपराधको भागी हुनेछ भन्ने त्रासमा पार्न वा प्रादेशिक वा क्षेत्रीय आधारमा मतदाताको मन विचलित गर्न वा कुप्रभाव पार्न वा मतदानको अधिकारको आफूखुशी प्रयोगमा अन्य कुनै प्रकारले अनुचित प्रभाव पार्न वा त्यस्तो कुनै कुराको उद्योग गर्न हुँदैन।

(२) कसैले जनमत संग्रहको सिलसिलामा सम्प्रदाय, जात वा जाति वा धर्मको आधारमा मत दिन वा नदिन अनुरोध वा आह्वान गर्नु हुँदैन।

६. जनमत संग्रहको सिलसिलामा इनाम दिन वा लिन नहुने: (१) कुनै व्यक्तिले जनमत संग्रहको सिलसिलामा मतदानको अधिकार प्रयोग गर्ने वा गरे बापत वा अरू कसैलाई त्यस्तो अधिकारको प्रयोग गर्न लगाउनको निमित्त कसैले इनामको रूपमा नगद, जिन्सी वा कुनै प्रकारको सेवा दिन, दिने मञ्जूर गर्न वा त्यस्तो कुनै कुराको उद्योग गर्नसमेत हुँदैन।

(२) कसैले मतदानको अधिकार प्रयोग गर्ने वा गरे बापत वा अरू कसैलाई त्यस्तो अधिकारको प्रयोग गर्न लगाउन वा लगाए बापत वा सो कुराको उद्योग गरे बापत कसैबाट आफ्नो वा अरू कसैको निमित्त इनामको रूपमा नगद, जिन्सी वा अन्य कुनै प्रकारको सेवा लिन, लिने मञ्जूर गर्न वा त्यस्तो कुनै कुराको उद्योग गर्नसमेत हुँदैन।

७. मतदानमा प्रभाव पार्न नहुने: आयोगको तर्फबाट जनमत संग्रहसम्बन्धी काममा लागेका कुनै पनि कर्मचारी वा व्यक्तिले कानूनबमोजिम आफ्नो मत दिन बाहेक जनमत संग्रहको विषयको कुनै पक्षमा मत दिन वा नदिन कसैलाई प्रेरित गर्न वा कुनै किसिमले प्रभाव पार्न वा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै किसिमको प्रचार गर्न गराउन वा त्यस्तो काममा संलग्न हुन हुँदैन।

८. नाम, उमेर वा नागरिकता ढाँट्न वा कल्पित नाम संग्रह गर्न नहुने: (१) कसैले आफ्नो नाम, उमेर वा नागरिकता ढाँटी आयोगबाट तयार हुने मतदाता नामावलीमा नाम दर्ता गराउन वा आयोगबाट प्रकाशित मतदाता नामावलीमा नाम दर्ता गराउन वा कुनै व्यह... सच्याउन, एकभन्दा बढी क्षेत्रबाट नाम दर्ता गराउन, अर्काको नामबाट जनमत संग्रहमा मतपत्र लिन, एकपटक मतदान गरी सकेपछि पुनः मतपत्र लिन वा मतदान गर्न वा एकभन्दा बढी क्षेत्रबाट मतदान गर्न वा त्यस्तो कुनै काम कुरा गर्न मद्दत दिन वा उद्योग गर्न वा दुरुत्साहन दिन हुँदैन।

(२) जनमत संग्रहको लागि मतदाता नामावली तयार गर्ने मतदाताको नाम संग्रह गर्ने व्यक्तिले जानी जानी एक्काईस वर्ष नपुगेको व्यक्तिको नाम वा कल्पित नाम वा गैर-नेपाली नागरिकको नाम संग्रह गर्न हुँदैन।

890

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. प्रचार गर्न नहुने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान हुनु भन्दा दुईदिन अघिदेखि जनमत संग्रहको सिलसिलामा कसैले पनि कुनै किसिमको प्रचार गर्न हुँदैन ।

१०. मतदान केन्द्र वा त्यसको नजिक शान्ति भंग गर्न नहुने: जनमत संग्रहको काममा खटिएका कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र वा त्यसको नजिकमा कसैले लाउडस्पीकर, मेगाफोन वा त्यस्तो अरू कुनै यन्त्र प्रयोग गर्न वा कराउन, हल्ला मचाउन वा शान्ति भंग हुने अन्य कुनै काम कुरा गर्न गराउन हुँदैन ।

११. मतदान केन्द्रमा दुर्व्यवहार गर्न नहुने: कुनै किसिमको छलकपट गरी वा सो गर्ने उद्देश्यले कुनै व्यक्तिले देहायमा लेखिएको कुनै काम कुरा गर्न गराउन हुँदैन:–

(क) जनमत संग्रहको काममा खटिएको कुनै कर्मचारीले टाँसेको वा टाँस्न लगाएको मतदाता नामावली वा अन्य कुनै कागजात सच्याउन, मेट्न, बिगार्न, च्यात्न, हटाउन वा कुनै प्रकारले नास गर्न,

(ख) कुनै मतपत्रमा लागेको आयोग वा कुनै अधिकृतको छाप, दस्तखत वा अन्य कुनै चिन्ह मेट्न, च्यात्न वा बिगार्न,

(ग) कुनै व्यक्तिलाई मतपत्र दिन वा आफूले मतदान गर्न अधिकार पाएको मतपत्र बाहेक अरू कुनै कुरा मतपेटिकामा खसाल्न,

(घ) जनमत संग्रहको काममा प्रयोग भएको मतपेटिका बिगार्न, खोल्न वा कुनै किसिमले नोक्सान गर्न,

(ङ) जनमत संग्रहको काममा प्रयोग भएको मतपत्र कुनै किसिमले नोक्सान गर्न,

(च) कुनै मतदान केन्द्रबाट मतपत्र बाहिर लैजान,

(छ) जनमत संग्रहको काममा खटिएका कर्मचारीहरूलाई निजहरूको काममा बाधा उत्पन्न गर्न, वा

(ज) माथि खण्ड (क) देखि खण्ड (छ) सम्म उल्लेख भएको कुनै काम गर्न, उद्योग गर्न वा मद्दत दिन वा दुरूत्साहन गर्न ।

१२. प्रचार कार्यमा लाग्न नपाउने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कर्मचारी, श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, समिति, बैङ्क वा कम्पनी र त्यस्तो संस्थान, समिति, बैङ्क वा कम्पनीको स्वामित्व वा नियन्त्रण भएको संस्थाको कर्मचारी, त्यस्तो संस्थान, समिति, बैङ्क, कम्पनी वा संस्थामा आंशिक समय सेवा गरे बापत पारिश्रमिक पाउने व्यक्ति, श्री ५ को सरकारको अनुदान पाउने शिक्षण संस्थाको शिक्षक वा कर्मचारी वा त्यस्तो शिक्षण संस्थामा आंशिक समय सेवा गरे बापत पारिश्रमिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाउने व्यक्ति वा श्री ५ को सरकारको अनुदान पाउने अन्य निकायको कर्मचारी वा श्री ५ महाराजाधिराजबाट वा श्री ५ को सरकारबाट गठन भएको आयोगको सदस्य वा कर्मचारीले जनमत संग्रहको विषयको कुनै पक्षमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले कुनै किसिमबाट प्रचार गर्न गराउन वा त्यस्तो प्रचार गर्ने काममा संलग्न हुन पाउने छैन।

तर यस दफामा लेखिएको कुनै कुराले पनि त्यस्तो कर्मचारी, शिक्षक, सदस्य वा व्यक्तिले जनमत संग्रहमा मतदान गर्न बाधा पुऱ्याएको मानिने छैन।

१३. गिरफ्तार गर्न सकिने: कुनै व्यक्तिले दफा १० वा दफा ११ मा मनाही गरिएका कुनै काम गरेमा वा मतदान केन्द्रमा कुनै हुलदंगा वा गोलमाल गरेमा वा जनमत संग्रहको काम खटिएको जनमत अधिकृत वा मतदान अधिकृतले कानूनबमोजिम दिएको कुनै आदेशका पालना नगरेमा सो अधिकृतको आदेशले त्यस्तो व्यक्तिलाई त्यहाँ खटिएका प्रहरीले पक्राउ गरी कारवाही गर्न सक्नेछ।

१४. दण्ड सजाय: (१) यस ऐन अन्तर्गत कसूर ठहर्ने कुनै काम गरेमा त्यस्तो कसूरको सम्बन्धमा प्रचलित नेपाल कानूनमा सजाय तोकिएको भए सोहीबमोजिम हुनेछ र सजाय नतोकिए- कोमा पाँचहजार रूपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुनेछ।

(२) दफा ७ वा १२ अन्तर्गतको कसूर गर्ने व्यक्तिलाई उप-दफा (१) बमोजिमको सजायको अतिरिक्त निजको सेवासम्बन्धी कानूनबमोजिम कारवाहीसमेत हुनेछ।

१५. सरकार वादी हुने: यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ।

१६. निस्क्रय हुने: जनमत संग्रहको काम सम्पन्न भई जनमत संग्रहको नतिजाको घोषणा भएपछि यो ऐन स्वत: निस्क्रय हुनेछ।

तर, यो ऐन निस्क्रय भए पछि पनि यस ऐन अन्तर्गतको मुद्दामा यस ऐनबमोजिम कार्यवाही गर्न बाधा पुगेको मानिने छैन।

लालमोहर सदर मिति:– २०३६।७।२६।२

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।